# गण्डकी बोर्डिङ स्कुल

(राष्ट्रिय विद्यालय), लामाचौर, पोखरा

(फोन नं. ०६१-४४३३९८, ४४४७१९, ४४३४१४

Email:- info@gbs.edu.np www.gbs.edu.np) को

## छात्रवृत्तिको प्रवेश परीक्षासम्बन्धी जरुरी सूचना !

गण्डकी बोर्डिङ स्कुलमा शैक्षिक सत्र २०८२ को लागि कक्षा ४ मा छात्रवृत्ति सुविधाअन्तर्गत अध्ययन गर्न इच्छुक विद्यार्थीको प्रवेश परीक्षा तपसिल बमोजिम हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विद्यार्थी कक्षा ३ मा पढिरहेको र २०८१ चैत्र मसान्तमा १० वर्ष ननाघेको हुनुपर्ने छ ।

२. आवेदन फारामका साथ २ प्रति फोटो, विद्यालयले दिएको सिफारिसपत्र, मार्कसिट/ग्रेडसिट, जन्मदर्ताको छायाँकपी र सम्बन्धित वडा कार्यालयबाट मासिक/वार्षिक आम्दानी खुल्ने कागजात सहितको सिफारिस पत्र पेश गर्नुपर्ने छ ।

३. प्रवेश परीक्षा नेपाल सरकारले तोकेको कक्षा ३ को पाठ्यक्रमको आधारमा नेपाली, गणित र अङ्ग्रेजी विषयमा हुने छ ।

४. छात्रवृत्ति प्रवेश परीक्षा निम्न केन्द्रहरूमा **२०८१ माघ ५ गते शनिवार** सञ्चालन हुने छ । आवेदन फाराम सोही दिन बिहान ८:०० बजेदेखि सम्बन्धित केन्द्रबाट वितरण गरिने र ११:०० बजेदेखि लिखित परीक्षा सञ्चालन गरिने छ ।

| क्र.स. | केन्द्र | सम्पर्क फोन |
|---|---|---|
| १. | जनता नमुना माध्यमिक विद्यालय इटहरी, सुनसरी | ९८४२०३४८२६ |
| २. | जनता माध्यमिक विद्यालय बर्दिवास, महोत्तरी | ९८०४८०७१५७ |
| ३. | सर्वशान्ति माध्यमिक विद्यालय कुरीनटार, चितवन | ९८४५१५६८०३ |
| ४. | महाकवि देवकोटा माध्यमिक विद्यालय, सुनवल, नवलपरासी | ९८५७०४५७९७ |
| ५. | रुद्रेपिपल माध्यमिक विद्यालय, बाग्लुङ्ग बजार, बाग्लुङ्ग | ९८४७६२०००१ |
| ६. | आदर्श नमुना माध्यमिक विद्यालय, लमही, दाङ्ग | ९८५७८४०२१७ |
| ७. | हरि डिल भूमी माध्यमिक विद्यालय वीरेन्द्रनगर, सुर्खेत | ९८५८०५१०७६ |
| ८. | दुर्गा लक्ष्मी माध्यमिक विद्यालय, गोदावारी अत्तरीया कैलाली | ९८५८४२७०१६ |
| ९. | गण्डकी बोर्डिङ स्कुल लामाचौर, पोखरा | ०६१-४४३३९८, ४४३४१४ |

५. आंशिक छात्रवृत्ति पनि छात्रवृत्तिअन्तर्गत नै पर्दछ । आंशिक छात्रवृत्ति (७५%, ६६.६%, ५०%, ३३.३%, २५%) प्राप्त गर्ने अभिभावक/विद्यार्थीले निजको आम्दानीको स्रोत तथा आय आर्जनको आधारमा बाँकी शुल्क तिर्नु पर्नेछ ।

६. योग्यता पुगेका विद्यार्थीहरू आफूलाई पायक पर्ने माथि उल्लेखित जुनसुकै परीक्षा केन्द्रमा सहभागी हुन सक्ने छन् ।

७. गरीब तथा जेहेन्दार वा विद्यालयले निर्धारण गरेको मापदण्ड पुग्ने विद्यार्थीलाई मात्र यो छात्रवृत्तिको सुविधा उपलब्ध गराइने छ । पेस गरिएको विवरण झुट्टा ठहरिएमा छात्रवृत्ति कुनै पनि समयमा रद्द गरिने छ । छात्रवृत्तिसम्बन्धी सम्पूर्ण अधिकार विद्यालयमा निहित रहने छ ।

८. पोखरा महानगरपालिका वडा नं. १६ र १९ क्षेत्रमा स्थायी बसोबास भएका अभिभावकज्यूहरूले स्थानीय छात्रवृत्तिमा प्रवेश परीक्षा दिन इच्छुक भएमा सम्बन्धित वडा कार्यालयबाट सो क्षेत्रको स्थायी बासिन्दा भएको प्रमाणित सक्कल कागजात आवेदन फारामका साथ पेस गर्नुपर्ने छ ।

**नोटः कक्षा ४ मा पूरा शुल्क तिरेर अध्ययन गर्न इच्छुक विद्यार्थीहरू र कक्षा ५ देखि ९ सम्म रिक्त सिटहरूको लागि आवेदन फारम २०८१ फागुन १८ गतेदेखि वितरण हुने छ ।**

**प्राचार्य**